शिंहनाद मञ्जुश्री साधना

ཞེས། །མ་ཁས་གྲུབ་ནུ་གା་ཛ་སྒྲས་མཛོད་པའི་འཇམ་དཔལ་གྱི་སྒྲུབ་ཐབས་རྫོང་པ་
སྤྲན་སེལ་བློ་མ་པཎ་ཕྱིན་ལས་ལ་སྦྱལ་བ་བཞུགས་སོ།།

मोहान्धकार-निवारक

नामक ग्रन्थ महापण्डित तथा सिद्ध रागअस्यद्वारा रचित मञ्जुश्रीको साधना,गुरु पद्म ठिन्लेलाई प्रदान गरिएको यहाँ रहेको छ।

शरण र प्रणिधान

ན་མོ། དཀོན་མཆོག་གསུམ་འདུས་བྱ་མ་འཇམ་དཔྱངས་ལ། །

नमो। त्रिरत्न समुच्चय गुरु मञ्जुश्रीप्रति॥

དུས་རྟམས་རྟག་ཏུ་བདག་ནི་སྐྱབས་སུ་མཆིའོ། །

सदा म उहाँको शरणमा जान्छु॥

འགྲོ་བའི་དོན་དུ་བཅོམ་ལྡན་འཇམ་དཔལ་བསྒྲུབ། །

सर्ब प्राणीको हितार्थ भगवान् मञ्जुश्रीको साधना सिद्ध गर्छु॥

उत्पत्ति-क्रम ध्यान

སྟོང་པའི་ངང་ལས་པད་ཟླ་བ་དང་། །

शून्यताबाट पद्म तथा चन्द्रमण्डलमाथि॥

སེང་གེ་སྔོན་པའི་སྟེང་དུ་རྡི་ཨིཿཡིག་ལས། རྡི་

नीलो सिंहाको माथि ‘धीः’ बीज प्रकट हुन्छ॥

འོད་འཕྲོས་དོན་གཉིས་ཕྱས་ནས་ཚུར་འདུས་པ། །

प्रकाश प्रसारित भई, (*स्व-पर हित*) द्वयार्थ सिद्ध गरेर पुनः समाहित हुन्छ॥

རང་ཉིད་འཇམ་དཔལ་དམར་པོ་ཞལ་གཅིག་པ། །

आफु एकमुख,रातो (कुमकुम) मञ्जुश्री रूपमा ॥

རལ་གྲི་ཐུ་སྐྱེ་འཛིན་ཅིང་རྒྱིལ་གྱང་བཞུགས། །

खड्ग तथा ग्रन्थ धारण गरी वज्रासनमा विराजमान॥

ཐུགས་ཀར་ ཧཱུྃ་ལས་འཁོར་ལོ་ཆེབས་བཞི་དམར། །

हृदयमा 'भ्रूँ' उदाइ, भ्रूँ बाट रातो चार-चुच्चे चक्र उत्पन्न भई॥

དེ་སྟེང་རལ་གྲི་སོར་བཞི་སྦུགས་ཀྱིས་བསྐོར། །

त्यसको माथि चार-औँला जतिको खड्ग, यस बीचमा धीः बीज मन्त्रद्वारा परिकृत हुन्छ॥

མདུན་དུ་ཧྲཱིཿ ལས་དབྱངས་ཅན་ཡུམ་མོ་སྤྲོ། །

अगाडि (ह्रीः)बाट नीलवर्ण वाग्देवी सरस्वती प्रकट भई॥

བཞེངས་སྐབས་རལ་གྲི་ཕྱེ་ཕྱག་ན་འཛིན། །

उभिनुभएको र हातमा खड्ग तथा शास्त्र-ग्रन्थ धारण गरेकी॥

གཉིས་ཀ་དར་དང་རིན་ཆེན་དུ་མས་བརྒྱན། །

दुवै जना रेशमी वस्त्र तथा विविध रत्नाभूषणद्वारा अलङ्कृत भएको॥

ཡུམ་གྱི་ཐུགས་ཀར་པད་འདབ་བཞིའི་སྟེང་། །

देवीको हृदयस्थानमा चार-पत्रयुक्त पद्ममाथि॥

རལ་གྲི་ཧྲཱིཿས་མཚན་སྦུགས་ཀྱིས་བསྐོར་བའོ། །

(ह्रीः) ले अंकित खड्ग, मन्त्रद्वारा परिवेष्ठित हुन्छ॥

རང་འདྲའི་ཡེ་ཤེས་སྤྱན་དྲངས་རང་ལ་ཐིམ། །

आफु सँग अनुरूप ज्ञानसत्त्वहरू आमन्त्रण गरी मेरो स्वभावमा लीन हुन्छन्॥

ཐུགས་ལས་འོད་འཕྲོས་ནང་སྐྱབས་བྱང་སེམས་དང་།།

हृदयबाट प्रकाश प्रसारित भई समस्त बुद्ध तथा बोधिसत्त्वहरूको॥

པཎྜི་ཏ་ཡི་ཤེས་རབ་ཐམས་ཅད་དང་།།

सबै पण्डितहरूको समग्र प्रज्ञा समेत॥

ཉན་རང་སོ་སྐྱེའི་ཤེས་རབ་ཐམས་ཅད་ནི།།

श्रावक, प्रत्येकबुद्ध तथा साबै प्राणीहरूको समस्त प्रज्ञा पनि॥

འོད་ཀྱི་རྣམ་པར་བསྡུས་ནས་སྤྱི་བོར་ཐིམ།།

प्रकाशरूपमा समाहित भई, मेरो शिरमा लिन हुन्छ॥

སྡེ་སྣོད་གསུམ་དང་རྒྱུད་སྡེ་བཞི་པོ་ཡི།།

त्रिपिटक तथा तन्त्रको चार वर्गका समस्त धर्महरू॥

ཚོས་རྣམས་བསྡུས་ནས་དང་གི་མགྲིན་པར་ཐིམ།།

समेटिएर मेरो कण्ठमा विलिन हुन्छ॥

ཉི་ཟླ་བོར་བུ་འབྱུང་བ་བཞི་ཡི་བཅུད།།

सूर्य, चन्द्र, रत्न तथा चार महाभूतको सारतत्त्व॥

བསྡུས་ནས་དང་གི་སྙིང་གར་ཐིམ་པར་གྱུར།།

समेटिएर मेरो हृदयस्थाने विलीन हुन्छ॥

मन्त्र

ཨོཾ་ཧྲཱིཿ ཤྲཱིཿ མ་མེ་དེ་པཾ་མཉྫུ་ཤྲཱི་མུཾ་ཧྲཱིཿ པ་ར་ཛྙཱ་བ་ཌ་ནི་ཧྲཱིཿ ཤྲཱིཿ སྭཱ་ཧཱ།

ओँ ह्रीः धीः ममे दीपं मञ्जुश्री मुं ह्रीः प्रज्ञा वर्धनि ह्रीः धीः स्वाहा।

व्याख्या:

मन्त्रको समय ३ भागमा छ।

१) तथागतगर्भमा फर्किने,

२) उत्पन्नक्रमको पहिलो चरण, धीःबाट अर्पण र पाप शोधना,

३) मन्त्र, ज्ञानसत्त्व, सम्पननक्रम

१) शून्यताको अवस्थामा केही समय मन्त्र जपेर मनलाई शान्त पार्नु।


अहम्लाई शून्यतामा विलाउँदै, चित्तको स्वभाव, तथागतगर्भ, धर्मकायामा फर्किरहेछ। अरामसँग केही हतार नगरिकन।मेरो धर्मकाया मञ्जुश्री, नेपाली धर्मकाया मञ्जुश्री, गुरुको धर्मकाया मञ्जुश्री एउटै हौं। सबै अनान्द परिपूर्ण, सबै संसार धर्मकाया मञ्जुश्री योगमा छ।

आवज ननिकल्दा पनि हुन्छ, बिस्तारै मनको अवाज पनि विलिन हुन्छ। मन्त्र पनि बिस्तारै हराउँदै हराउँदै जान्छ।यो चित्तको स्वभावको अवस्था, न म, न मेरो छ। न रूप छ, न रङ्ग छ। तीन कालको पार गएको। पूरै अरामको अवस्थामा रहनु। चित्तको स्वभावमा, के गर्ने पनि छैन, कसले गराउने पनि छैन, कार्य पनि छैन, सबैबाट पार भएको अवस्था हो। एकछिन महामुद्रामा बस्ने।



२) शून्यताको अवस्थाबाट सबै प्रणीको हितको लागि करुणा मैत्री भावमा मेरो चित्तको स्वभाव विशाल हजरौं लाखौं पत्र ब्रह्मान्ड जत्रो पद्मको फूलमा परिणत हुँदैछ। खुलेको कमलको फूलको आसन= आफ्ना चित्त र चक्र खोलेको प्रतीक हो। सबै प्राणीहरूको हितको लागि, विश्वशान्तिको लागि सम्भोगकायाको रूप लिँदैछु।

पद्मको फूल ईन्द्रेणी जस्तै परदर्शी SalTong གསལ་སྟོང་ स्पष्ट रूप लिदै, स्पष्ट तर शून्य, प्रभास्वर शून्यताको सम्भोगकाया मेरो चित्तको स्वभाव कमलको फूलको रूपमा अहिले छ। शून्यता प्रभास्वरको अभ्यासले कल्पौं पापहरू शोधना हुँदैछ। (केही माला मन्त्र जाप्नु।)



३) बिस्तारै आफ्नो चित्तको स्वभाव चन्द्रासनमा पनि परिणत हँदैछ। पूर्णिमाको चन्द्रासन= आफ्नो बोधिचित्त पूर्ण भएको प्रतीक हो।

हरेक मन्त्र, हरेक मन्त्रको अक्षरले चित्तको स्वभाव परिचय गरिरहेछ। धर्मकाया मञ्जुश्रीको परिचय गरिरहेछ। मन्त्रको हरेक अक्षर मैले सुनिरहेकोछु। पूरै एकाग्रतमा छु। हरेक मन्त्र सबै प्रणीहरूलाई परिणामना गरेर विश्वशान्तिलाई परिणमना गर्दै। यहीं अवस्थामा केही माला मन्त्र जाप्नु।

४) मेरो चित्तको स्वभाव बिस्तारै स्पष्ट परदर्शी नील वर्ण सिंहामा परिणत हुँदैछ। एकदम शक्तिशलि, पशुको राजा, जंगलमा सिंहा आउँदा सबै जनावरहरू मौन भैरहेका छन्। सिंहासन पनि हाम्रा चित्तका पञ्चा विषको (राग, द्वेष, मोह, मात्सर्य, ईर्ष्या) नाश भैसकेको, पञ्चा ज्ञानमा (आदर्शज्ञाा, समताज्ञान, प्रत्यवेक्षणज्ञान, कृत्यानुष्ठानज्ञान) परिणत भएका अवस्था हो। सिंहा जस्तै दृडविश्वाससँग बसेर (केही माला मन्त्र जाप्नु।)

५) बिस्तारै मेरो चित्तको स्वभाव पञ्चा ज्ञानको (आदर्शज्ञाा, समताज्ञान, प्रत्यवेक्षणज्ञान, कृत्यानुष्ठानज्ञान) स्वभाव सूवर्ण धीः बीजमा परिणात हुँदैछ। एकदम प्रज्वलित लाखौं सूर्यको घमको प्रकाश जस्तै चम्किरहेछ।SalTong གསལ་སྟོང་ स्पष्ट रूपमा धीः अक्षरमा मेरो चित्तको स्वभावमा एकाग्र भएर

केही माला मन्त्र जाप्नु।

६) अब बिस्तारै धीः अक्षरको प्रकाशबाट सम्पूर्ण प्राणीहरूको पाप शोधना गर्दै। बुद्ध, बोधिसत्त्व, लामा गुरुहरूलाई मानोनिरमित पूजा धीः अक्षरको प्रकाशले अर्पण गर्दै। जो लामा गुरुसँग संबन्ध छ उहाँहरूलाई कृतज्ञाता अर्पण गर्दै। जे गुरुले भेन्नुभयो। लाखौं गुणन गर्दै। सप्ताङ्गःपूजा गर्दै (ढोग-प्रणाम्, पूजा अर्पण, प्रयाश्चित, अनुमोदन, धर्मचक्रप्रवर्तन याचना, परिनिर्वाण नजाने अनुरोध, पूण्यपरिणामना) पूण्यसम्भर सञ्चय गर्दै। एक-एकजना लामालाई सम्झिँदा सप्ताङ्गःपूजा गर्दै मण्डला अर्पण गछौं। सबै शून्यता हो भने बुझेर ज्ञानसम्भर पनि भैरहेछ।

बिस्तारै बुद्ध, बोधिसत्त्व, लामा गुरुहरू प्रसन्न भएर उहाँहरूका काया, वाक् र चित्तबाट प्रकाश आएर सम्पूर्ण आमा रूपी प्राणीहरू नरकलोक देखि लिएर देवलोकसम्म सबै उहाँहरूका पाप शोधना गरिरहेको छ। एक-एकजना घर-परिवार, इष्टमित्र, आमा-बुवा, दाजु-भाई, दिदी-बहिनि, साथी-शत्रु भए पनि, एक-एकजनाको सबै चित्त शोधना गर्दै, सबै जुनिहरूका पाप शोधना गर्दै। यो धीःको शक्ति हो।

यो प्रभास्वरको प्रकाश सबै ६वटा लोकको पाप शोधना भयो। ६ लोक खालि भइसक्यो। सबै लोक अनान्दित भएर पूरै सफा भएर। सम्पूर्ण प्राणीहरूको काया वाक् चित्त परिशुद्ध भएर, सबैजना एकदम खुशी भयो। पूरै प्रज्ञा करूणा मैत्री भावमा बसेर जप गर्नुहोला।

कति पूण्य र ज्ञान सम्भर सञ्चय भयो। संसारको भवचक्र पनि रितियो। पूरै मञ्जुश्रीको शुद्ध भूवनमा परिणत भयो। सबैजना सिंहानन्द मञ्जुश्रीहरूमा परिणत भए।


सुवर्ण कुमकुम वर्ण काया एउट मुहार, दुईवटा हात: दाँया हातमा खड्गा, बाँया हातमा प्रज्ञापारमिताको पुस्ताक धारण गरी।


ईन्द्रेणी जस्तै परदर्शी SalTong ཟླ་སྟོང་ स्पष्ट रूपमा आफ्नो चित्तको स्वभावलाई मञ्जुश्रीको रूपमा मेरो चित्त (सबै प्राणीहरूलो चित्त परिणत भयो)।

(केही माला मन्त्र जाप्नु।)

७) बिस्तारै मेरो चित्तको स्वभावमा सिंहानन्द मञ्जुश्रीको हृदयमा भ्रूँ उत्पन्न भैरहेछ। त्यसको माथि चार-औँला जतिको खड्गा छ। यस बीचमा प्रकाशित धीः बीज मन्त्रद्वारा परिकृत हुन्छ। धीःको वरिपरि मन्त्र लेखेको उल्टो, सुल्टो दिशामा घुमिरहेको भित्र फर्केको छ।

८) अगाडि (ह्रीः) बाट नीलवर्ण वाक्देवी सरस्वती प्रकट हुनुहुन्छ। उहाँ उभिनुभएको छ र हातमा खड्गा तथा शास्त्र-ग्रन्थ धारण गर्नुहुन्छ। सरस्वती देवीको हृदयस्थानमा चार-पत्रयुक्त पद्ममाथि (ह्रीः) ले अङ्कित खड्ग मन्त्रद्वारा (ओं स्व सरस्वती ह्रीः) परिवेष्ठित हुन्छ।


अं


ॐ मंजुश्री मुं ह्रीः परा वर्धनि ह्रीः ॐ
स्वाहा ह्रैं क्रैं ह्रीः ह्रीं श्रीं ह्रीं



निधारमा सेतो ओँ, घाँटीमा रातो आः, हृदयमा नीलो हूँ

सबै बुद्ध, बोधिसत्त्वका अनगिन्ति ज्ञानसत्त्वहरूलाई प्रकाश पूजा दशै दिशामा काया वाक् चित्तबाट साप्ताङ्ग पूजा अर्पण गर्दैछु। (ढोग-प्रणम्, पूजा अर्पण, प्रयश्चित, अनुमोदन, धर्मचक्रप्रवर्तन याचना, परिनिर्वाण नजाने अनुरोध, पूण्यपरिणामना)

सबै बुद्ध बोधिसत्त्व प्रसन्न खुशी भएर सम्पूर्ण आमारूपी प्राणीहरूका ओं आः हूँ मा अनगिन्ति ओं आः हूँ मा प्राण प्रतिष्ठान गर्दै।

ओं आः हूँ निधारमा, घाँटीमा, हृदयमा लय भयो।(संवेदना गर्नु पर्छ।)

सेतो ओं विलाई भावना गर्दा पहिले आफ्नो ओंबाट पूजा अर्पण गर्दै,

बुद्ध बोधिसत्त्व लामा गुरुहरू प्रसन्न भएर अनगिन्तित सेतो ओं निधारमा पस्यो।अब तपाईंहरू सम्यकसम्बुद्ध भैसक्नुभयो।

रातो आः:बाट पूजा अर्पण गर्दै, बुद्ध बोधिसत्त्व लामा गुरुहरू प्रसन्न भएर अनगिन्ति रातो आः विलाउँदै

आफ्नो वाक् सबै बुद्ध, बोधिसत्त्वको वाक्सँग अलग भएन।

नीलो हूँले पूजा अर्पण गर्दै, बुद्ध बोधिसत्त्व लामा गुरुहरू प्रसन्न भएर अनगिन्तित नीलो हूँ आएर हृदयमा पस्यो। हाम्रो हृदय सम्पूर्ण बुद्ध बोधिसत्त्व लामा गुरुहरू गूण, कर्यलीलहरूले परिपूर्ण बयो।

प्राण प्रतिष्ठित हुँदा(अघि तपाईं निदाइ रहनुभएको जस्तै र प्राण प्रतिष्ठित हुँदा अहिले जाग्नुभयो जस्तै भावना गर्ने।)

*सबै बुद्ध बोधिसत्त्व मञ्जुश्री प्रसन्न भएर सबै ज्ञानसत्त्व बुद्ध, बोधिसत्त्व, मञ्जुश्रीका, काया, वाक् र चित्त **समयस सत्त्व**का काया, वाक् र चित्तको योग भयो। ज्ञानसत्त्व **समयसत्त्व** एक भयो!!!*

पूजा र प्रार्थना

རང་ལས་སྐྱེལ་བའི་མཆོད་པའི་ལྷ་མོ་ནི། །

आफुबाट प्रकट भएका पूजन देविहरु॥

ནམ་མཁའ་གང་བར་སྐྱེལ་ཏེ་ལྷ་ལ་མཆོད། །

आकाशभरि व्याप्त भई देवताहरूलाई पूजा अर्पण गरी॥

ཉེར་སྤྱད་བདུན་དང་འདོད་པའི་ཡོན་ཏན་ལྔ།
सात पूजासामग्री तथा पाँच कामगुण॥
རྒྱལ་སྲིད་བདུན་དང་བཀྲ་ཤིས་རྫས་རྟགས་བརྒྱད།།
सप्त रत्न तथा अष्टमङ्गल चिन्ह
རི་རབ་གླིང་བཞི་ལྷ་མིའི་འོངས་སྐྱོང་ཀུན།།
मेरु, चार द्वीप तथा देव-मनुष्यको समस्त ऐश्वर्य॥
བློ་ཡིས་བླངས་ཏེ་འཇམ་དཔལ་ཡབ་ཡུམ་མཆོད།།
मनले ग्रहण गरी ती सबै मञ्जुश्री माता-पितालाई अर्पण गर्दछु॥
བདག་ལ་བཀའ་དང་བསྟན་བཅོས་ཐམས་ཅད་ནི།།
मलाई समस्त बुद्धवचन तथा शास्त्र-खण्डका॥
ཐོགས་མེད་མཁྱེན་པའི་ཤེས་རབ་མྱུར་དུ་སྩོལ།།
अवरोधविहीन सर्वज्ञप्रज्ञा शीघ्र प्रदान गर्न कृपा गर्नुहोस्॥



९) मन्त्र यत्ति छिटो छिटो घुमिरहेछ भावना गर्दै। सबै बुद्ध बोधिसत्त्व महापण्डिताहरूलाई प्रकाशले, पूजा गरेर आफ्नो निधार चक्रमा सबै बुद्ध बोधिसत्त्व महापण्डिताहरूको प्रज्ञा, अशीश, ज्ञान आफ्नो निधारमा सूवर्ण प्रकाशले पस्यो। आफ्नो निधारको चक्र खुलेको भावना गर्दै।

जति सूत्र, तन्त्र, काङ्ग्युर, तेङ्ग्युर ग्रन्थहरू जति छन् नछुटिकन आफ्नो घाँटीमा सूवर्ण प्रकाशले पस्यो। घाँटीको चक्र खुलेको भावना गर्दै। एउटा शब्द पनि नजानेको छैन।

सम्पूर्ण शुद्ध पञ्चतत्वको सार, औषधीहरूको सार, मणिरत्नको सार, फूलहरूको सार, फलहरूको सार, सूर्य चन्द्रको सार, सबै बुद्धहरूको गुणहरूको एकमुष्ट भएर हृदयमा सूवर्ण प्रकाशले पस्यो भनेर महसुस गर्नु पर्छ। चक्र खोलिसकियो।

(केही माला (ठूलो अवाजमा पनि मिल्छ) मन्त्र जाप्नु।)

मन्त्र आफैं निर्मणकाया हो। मन्त्रको अवाज सम्भोगकाया हो। मन्त्र धर्मकायाबाट प्रकट भैरहेछ।

ओं ह्रीः धीः मामे दीपं मञ्जुश्री मूँ ह्रीः प्रज्ञा वर्धनी ह्रीः धीः स्वाहा।



सम्पन्नक्रम

बिस्तारै सबै ब्रह्मन्डमा भएका मञ्जुश्रीहरू म मञ्जुश्रीमा विलिन भयो। सरस्वती देवी पनि मञ्जुश्रीमा विलिन हुनुभयो। पद्मको आसन, चन्द्रासन पनि मञ्जुश्रीमा विलिन भए। आकाशमा ईन्द्रेणी जस्तै मञ्जुश्रीको काया पनि बिस्तारै विलाउँदै, हृदयमा भएको चार-चुच्चे चक्र पनि खड्गमा विलिन भयो। खड्ग पनि विलाउँदै, यसको बीचमा भएको २१-आक्षर मन्त्र र ध्रीःमा विलिन भयो। २१ वटा आक्षर पनि ध्रीः बीजमा विलिन भयो। ध्रीः पनि बिस्तारै विलाउँदै महामुद्रामा बास्ने।

करुणा, मैत्रीले सबै आमारूपी प्राणीहरूको हितको लागि,

शून्यताबाट पुनः मञ्जुश्रीको सम्भोगकायामा उत्पन्न हुदै। बिस्तारै आफ्नो शरीर मञ्जुश्रीको निर्मणकायामा परिणत भयो।

यस निर्माणकायामा मञ्जुश्रीको काया वाक् चित्त शुद्ध छ। मञ्जुश्रीको निर्माणकाया भएको हुनाले, दिन चर्या मञ्जुश्रीको सम्भोगकाया कायम राख्दै, काया वाक् चित्त शुद्ध राख्ने।

मञ्जुश्रीप्रति वन्दना

སེང་གེ་པད་ཉིའི་གདན་སྟེང་དུ། །

सिंह तथा पद्मको आसनमाथि॥

རྒྱལ་བའི་སྲས་པོ་འཇམ་པའི་དབྱངས། །

जिन बुद्धहरूको पुत्र मञ्जुघोष (मञ्जुश्री)॥

མདོག་དམར་རལ་གྲི་ཐུ་སྟེ་འཛིན། །

रक्तवर्ण, खड्ग तथा ग्रन्थ धारण गर्नुहुने॥

སྨྲ་བའི་སེང་གེ་ལ་ཕྱག་འཚལ། །

वाणीका सिंहलाई म सादर प्रणाम गर्दछु॥

सरस्वतीप्रति वन्दना

ཆུ་སྐྱེས་ཉི་ཟླའི་གདན་སྟེང་དུ། །

पद्म, सूर्य तथा चन्द्रको आसनमाथि॥

ཐམས་ཅས་ཐམས་ཅད་སྐྱེས་པའི་ཡུམ། །

समस्त बुद्धहरूको माता॥

མདོག་སྔོན་རལ་གྲི་ཕུ་སྐྱེ་འཛིན། །
नीलवर्ण, खड्ग तथा ग्रन्थ धारण गर्नुहुने॥
དབྱངས་ཅན་མ་ལ་ཕྱག་འཚལ་ལོ།
वाक्देवी सरस्वतीलाई प्रणाम गर्दछु॥

परिणामना

བསོད་ནམས་འདི་ཡིས་ཐམས་ཅད་གཟིགས་པ་ཉིད། །
यो पुण्यले सर्वज्ञ प्राप्त भई।
ཞེའ་ནས་ཉེས་པའི་དགྲ་རྣམས་ཐམ་བྱས་ནས། །
दोष रुपी शत्रुहरू नष्ट पारेर।
སྐྱེ་རྒ་ན་འཆིའི་ཐ་སྙད་འཕྲོགས་པ་ཡི། །
जन्म जरा व्याधि मरणको छालयुक्त।
སྲིད་པའི་མཚོ་ལས་འགྲོ་བ་སྒྲོལ་བ་ཡོག །
भव सागरबाट सबै प्राणीहरू मुक्त होस।

यो कुशल कर्मद्वारा चाडै मैले
शिंहनाद मञ्जुश्री पद प्राप्त गरेर
एउटै प्राणी पनि नछाडीकन
त्यही अवस्थामा पुऱ्याउन सकोस्।

रेपा छुल्ठिम थार्छिन गुरुको दीर्घायुको प्रार्थना:

ओँ स्वास्थि।
अमितायु नाथ तथा आर्य तारा
थाङतोङ ग्यालपो, माचिग लाब्डोन आदि,
उत्तम आयु सिद्ध प्राप्तहरूमा प्रार्थना गर्दछु।
प्रार्थनाको अर्थ शीघ्र पुर्ती गराईदीनुहोस्
सिद्ध प्राप्ति दर्शनबाट, पूर्व शुद्ध कर्म फस्टाएर
आनाशक्त वैराग्य आदर श्रद्धा स्तम्भ धारणीबाट
मुक्ति उपायको अभ्यास गरेर मुक्तको लक्षण साक्षात्कार गरेको
योगी रेपा छुल्ठीम थार्छिनको दीर्घायु होस्।

कलियुगको समयमा सिद्ध प्राप्त गोप्य योगी
धर्म शासान र जगतका एक मात्र नाथ
अतुलनीय महा कृपालु उत्तम गुरु हजुरको
आयु अपरिवर्तनीय भई सयौँ वर्ष बाचिदिनुस्।

सत वचन उच्चारण गरेको सत शक्तिको शीघ्रताले
म र म जस्तै अनुयायी शिष्यहरूलाई
गम्भीर उपदेशको वर्ष वर्षाएर
जगत उद्धारक कल्याण मित्र हुन सकोस्।

गुरु छोग्याल रिन्पोछेको दीर्घायुको प्रार्थना:

त्रिरत्न तथा त्रिमूल र अमित आयु
साध्य विजयी आदी अमर पद्मसंभव
सत्य साध्याको ऋषिद्वारा
महान् साधक गाछा गोम्छेनको दीर्घायु होस्
बुद्ध शासन र विशेष साधाना परम्पराको
शासन लीला कर्म तीनै लोकमा फैलाउन
कुशल नौ श्रीवाट सम्पन्न (छोग्याल रीन्पोछेको)
दीर्घायु भई कार्य लीला वृद्धि होस्।